मिति: २०८२।०४।२१ गते बुधबार

समय: विहानको ७:००बजे

बैठक सङ्ख्या :२

नगर कार्यपालिकाका नगरप्रमुख श्री राजेन्द्र कुमार पोखरेलको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेन्द्र कुमार पोखरेल | नगर प्रमुख/अध्यक्ष | [signature] |
| २ | आशा शिवाकोटी | उपप्रमुख | [signature] |
| ३ | शुसिल कुमार पोखरेल | वडाध्यक्ष वडा नं. १ | [signature] |
| ४ | बलराम राई | वडाध्यक्ष वडा नं. २ | [signature] |
| ५ | युवराज चम्लागाई | वडाध्यक्ष वडा नं. ३ | [signature] |
| ६ | रोशन सुवेदी | वडाध्यक्ष वडा नं. ४ | [signature] |
| ७ | कृष्ण वहादुर राई | वडाध्यक्ष वडा नं. ५ | [signature] |
| ८ | लक्ष्मी प्रसाद ओली | वडाध्यक्ष वडा नं. ६ | [signature] |
| ९ | भिष्म भुषण सिटौला | वडाध्यक्ष वडा नं. ७ | [signature] |
| १० | लिला बहादुर कटुवाल | वडाध्यक्ष वडा नं. ८ | [signature] |
| ११ | राजेन्द्र प्रसाद उप्रेती | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | नरा देवी मगर | कार्यपालिका सदस्य | [signature] |
| १३ | सावित्रा देवी बर्देवा | कार्यपालिका सदस्य | [signature] |
| १४ | कृष्ण माया भुजेल | कार्यपालिका सदस्य | [signature] |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १५ | नवल किशोर दत्त कायस्थ | कार्यपालिका सदस्य | |
| १६ | लक्ष्मी कटुवाल | कार्यपालिका सदस्य | |
| १७ | सुसिला बुधनी कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १८ | चेता राई | कार्यपालिका सदस्य | |
| १९ | हरिलाल खवास भुजेल | कार्यपालिका सदस्य | |
| २० | युवराज राजवंशी | कार्यवाहक वडाध्यक्ष | |
| २१ | नारायण न्यौपाने | सदस्य सचिव | |
| २२ | क्षेत्रनाथ शर्मा | लेखा अधिकृत | |
| २३ | जमुना कटुवाल | प्रशासकीय अधिकृत | |
| २४ | कमला विश्वकर्मा | अधिकृत छैटौं | |
| २५ | विजय पाठक | सहायक पाँचौ | |

२६. समिता खत्री अ० सातौं

२७. ई. कुशल डुमागाई

२८. ई. बिशाल थेवे

Scanned with CamScanner

मिति: २०८२ साल साउन २१ गते बुधबार

निर्णय तथा प्रस्तावहरु

| प्रस्ताव नं. | प्रस्तावको व्यहोरा | निर्णयहरु |
|---|---|---|
| १ | अघिल्लो बैठकको समिक्षा सम्वन्धमा । | अघिल्लो बैठकको निर्णय कार्यान्वयनका सम्वन्धमा समिक्षा गरियो । |
| २ | नगर अस्पतालको भेरिएसन सम्वन्धमा । | कनकाई नगरपालिका अन्तर्गत निर्माणाधीन १५ शैयाको नगर अस्पताल निर्माणको लागि नगरपालिका र कार्की वन्धु कन्स्ट्रक्सन प्रा.लि., विराटनगर बीच मिति २०७८/०६/२२ मा सम्पन्न गर्ने गरी कुल रकम रु ५,६५,१९,५३८।८९ को ठेक्का सम्झौता भइ मिति २०८०/०९/२९ मा सम्पन्न हुने गरी सम्झौता भएकोमा तोकिएको मितिमा सम्पन्न हुने अवस्था नदेखिए पछि मिति २०८२ साल पौष मसान्तसम्ममा सम्पन्न गर्ने गरि म्याद थप भएको छ।<br>सम्झौता अनुसार अस्पताल भवन निर्माण कार्यमा प्रयोग हुने मार्वल र टाइल्सको परिमाण भवनको शौचालय र सिढिमा मात्र रहेको र अस्पताल जस्तो संवेदनशील क्षेत्रमा सरसफाई लगायतका कारणले अस्पतालको उपचार कक्षको सवै क्षेत्रमा र उक्त क्षेत्रको भित्ताको ६ ईन्चसम्मको भागमा समेत मार्वल र टाईल्स लगाउनु पर्ने आवश्यकता देखिएको साथै निर्माण व्यवसायीको तर्फवाट समेत उक्त कार्यका लागि भेरिएसन सहितको थप कार्यदिश पाँउ भन्ने निवेदन यस कार्यालयमा मिति २०८१/११/२ मा प्राप्त भएको, प्राप्त निवेदनका आधारमा स्थलगत रुपमा नाप जाँच गर्दा उक्त आईटममा जम्मा २०५४.९८ ब.मि. क्षेत्रफलमा टाईल्स मार्वल लगाउन पर्ने र सोका लागि आवश्यक पर्ने रकम निर्माण व्यवसायीले पेश गरेको BOQ मा भएको दररेट अनुसार गणना गर्दा हुन आउने हुदा सुरु सम्झौताको पनिङ्ग आईटममा रहेको रकमलाई कटौति गरी कार्य गर्न तथा अन्य आइटम जस्तै इटा लगाउँने, पेन्टिङ गर्ने, युपिभिसी झ्याल लगाउने तथा स्टिलको रेलिङ लगाउँने कार्य निर्माण व्यवसायीले पेश गरेको दररेट अनुसारको दर राखि कार्य गर्न तथा पोइन्टिङको कार्य, बिजुली सम्वन्धि कार्य BOQ मा नभएको तर सो कार्यहरु गर्न अत्यावश्यक रहेको साथै केही बिजुली सम्वन्धि कार्य BOQ मा रहेको भएता पनि Electrical Engineer |

| | | |
|---|---|---|
| | | को राय बमोजिम BOQ अनुसार नै गर्दा भविष्यमा बिजुलीको सिस्टममा समस्या आउने तथा बिधुत उपकरणहरुलाई पावर नपुग्ने भएकोले सो आइटमहरु हटाइ नयाँ आइटम समावेश गरेर लागत इस्टिमेट बनाइ निर्माण व्यवसायीसंग रेट माग गर्दा नीज निर्माण व्यवसायीद्वारा इस्टिमेट भन्दा बढी दर पेश भएकोमा नीज निर्माण व्यवसायीसंग वार्ता गरी लागत दर भन्दा कम दर कबोल गराइ ठेक्का सम्झौता रकम रु. ५,६५,१९,५३८.८९ र भेरिएसन रकम रु. ५३,९९,९००.७८ गरी हुन आउने जम्मा रकम रु. ६,१९,१९,४३९.६७ (अक्षरुपी छ करोड उन्नाईस लाख उन्नाईस हजार चार सय उनचालिस रुपैया तथा सडसट्ठी पैसा मात्र) को सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ र खरिद नियमावली २०६४ को नियम ११८ बमोजिम भेरिएसन अर्डर स्विकृति गर्ने । |
| ३ | कार्यविधि स्वीकृत सम्बन्धमा । | कनकाइ नगरपालिकाको आर्थिक समितिबाट सिफारिस भै पेश भएका तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गर्नेः<br>क. कनकाई नगरपालिकाको कृषि अनुदान मापदण्ड २०८२<br>ख. कृषि र पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन निर्देशिका २०८२<br>ग. कृषि विकास तथा प्रवर्दन अनुदान नियमावली २०८२ लाई स्वीकृत गर्ने । |
| ४ | वनपथ मार्गको म्याद थप सम्वन्धमा । | कनकाई नगरपालिकाबाट कनकाई नगरपालिका वार्ड नं २ को जामुनबारी चौकबाट वनपथ हुदै बायोग्यास प्लान्टसम्म जाने बाटोमा पुर्वाधार निर्माण कार्यको लागि कनकाई नगरपालिकाको कार्यालयलाई संघीय सरकार विशेष अनुदानको रुपमा प्राप्त भएको रकम रु. तीन करोड बराबरको कार्य गर्नको लागि यस कनकाई नगरपालिकाको कार्यालय, जामुनबारी झापा र छनौट भएको बोलपत्रदाता श्री युनिक कन्स्ट्रक्सन ईटहरी ०१ सुनसरी विच **"Contract No – Kanakai/NCB/Works/3/081-82"** को कार्य सम्पन्न गर्ने गरि मू.अ. कर तथा प्रोभिजनल समेत रु. २८,३८५,८८२/२३ (अक्षेरुपी दुई करोड त्रियासी लाख पचासी हजार आठ सय बयासी रुपैया तथा तेईस पैसा मात्र) बराबरको मितिः २०८१/१२/०८ मा निर्माण कार्यको खरिद सम्झौता भएकोमा सम्झौता बमोजिम कार्य सम्पन्न गर्ने अवधि २०८२/०३/२५ गतेसम्म रहेकोमा निर्माण व्यवसायीले मिति २०८२/०३/०१ गते निर्माण कार्यको म्याद थपको निवेदन बमोजिम प्राप्त भएको छ ।<br><br>कार्यालयको नगर अनुगमन समिति साथै प्राविधिक सहितको टोलीबाट उक्त निर्माण क्षेत्रको स्थलगत अनुगमन गरिएको र स्थलगत अनुगमनबाट हेर्दा प्राकृतिक प्रकोप, निर्माण सामाग्रीको अभाव, निर्माण सामाग्रीको ढुवानीमा समस्या लगायतका |

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | कारणबाट तोकिएको समयमा कार्य सम्पन्न हुने अवस्था नदेखिएकोले योजनाको निर्माण सम्बन्धि कार्य सम्पन्न गर्नको लागि सार्वजनिक खरिद ऐन २०६३ दफा ५६ को उपदफा २ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उप-नियम २ बमोजिम अन्तिम पटकका लागि मिति २०८२ मंसिर मसान्तसम्मका लागि म्याद थप गर्ने । |
| ५ | नगर अस्पतालको म्याद थप सम्बन्धमा । | कनकाई नगरपालिका अन्तर्गत निर्माणाधीन १५ शैयाको नगर अस्पताल निर्माणको लागि नगरपालिका र कार्कीबन्धु कन्स्ट्रक्सन प्रा.लि., बिराटनगर बीच मिति २०७८/०६/२२ मा सम्पन्न गर्ने गरी कुल रकम रु ५,६५,१९,५३८।८९ को ठेक्का सम्झौता भइ मिति २०८०/०९/२९ मा सम्पन्न हुने गरी सम्झौता भएकोमा तोकिएको मितिमा सम्पन्न हुने अवस्था नदेखिएको र नगर अनुगमन समिति साथै प्राविधिक सहितको टोलीबाट उक्त निर्माण क्षेत्रको स्थलगत अनुगमन गरिएको र स्थलगत अनुगमनबाट हेर्दा प्राकृतिक प्रकोप, निर्माण सामाग्रीको अभाव, निर्माण सामाग्रीको ढुवानीमा समस्या लगायतका कारणबाट तोकिएको समयमा कार्य सम्पन्न हुने अवस्था नदेखिएकोले योजनाको निर्माण सम्बन्धि कार्य सम्पन्न गर्नको लागि मिति २०८२ असार २५ गतेसम्म म्याद थप भएकोमा सम्बन्धित कन्सट्रक्सन फर्मले म्याद थपका लागि निवेदन पेश गरेको र प्राविधिक प्रतिवेदनका आधारमा सार्वजनिक खरिद ऐन २०६३ दफा ५६ को उपदफा २ र नियमावली २०६४ को नियम १२० को उप नियम २ बमोजिम उक्त ठेक्का मिति २०८२ पुष मसान्तसम्मका अन्तिम पटकका लागि म्याद थप गर्ने । |
| ६ | नगर प्रहरीमा बैकल्पिक उम्मेद्वारलाइ करार सम्झौता गर्ने | कनकाई नगरपालिकाको मिति २०८२/०१/०८ गते प्रकाशित नगर प्रहरीको सेवा करारमा पदपूर्ति गर्ने सूचना बमोजिम नगर प्रहरी जवान (खुल्ला) तर्फ मिति २०८२/०२/३१ गते संचालन भएको लिखित परिक्षा र अन्तर्वाताबाट बैकल्पिक सूचीमा १ नं मा कनकाई नपा वडा नं. १ निवासी श्री लक्ष्मण भुजेललाई नगर प्रहरीको रिक्त पदमा करार सम्झौता गरी कामकाजमा लगाउने । |
| ७ | एसियन हाइवे डिपिआर सशोधन सम्बन्धमा । | एसियन हाइवे अन्तर्गत काँकरभिट्टा लौकही सडक खण्ड (पूर्वी) मा कनकाई नगरपालिका क्षेत्र भित्रको निर्माणधिन सडक संरचनाको डिपीआर संशोधनका लागि मिति २०८२ साउन १८ गते बसेको सर्वदलीय बैठकबाट भएको निर्णय बमोजिम तपसिल बमोजिमका बुँदाहरु सुधारका लागि सम्वन्धित निकायमा लेखि पठाउने ।<br><br>क. सुरुङ्गा पुल पूर्व पट्टी भागमा पञ्चायत बाटो र दक्षिण पट्टीको बाटो पानी निकास |

| | | |
|---|---|---|
| | | हुने गरी र बाटोमा अन्डरपासको व्यवस्था गर्ने ।<br>ख. बिरिङ्ग पुल पश्चिम पट्टीको भागमा उत्तरपट्टीको भागमा पानीको बहावलाई निकास गर्ने उपयुक्त हुने हुँदा बिरिङ्ग खोलाको पश्चिम पट्टीबाट वर्षायाममा पानी तथा सुख्खायाममा पशुचौपायहरुलाई आवातजावत गर्ने गरी अन्डरपास बनाई बिरिङ्ग नदीको दक्षिण भागमा पानीको निकास बनाउने ।<br>ग. बिरिङ्ग पुल देखि सुरुङ्गा खोलासम्म दुवै भागमा ६ लेनको बाटो निर्माण गर्ने र दुर्गापुर चौक, जामुनबारी चौक, जुके कल्भर्ट चौकमा आवातजावत गर्न आकाशे पुलको व्यवस्था गर्नुपर्ने ।<br>घ. सडकको दायाँबाँयाको भागमा पानीको निकासका लागि पक्की ड्रेनको व्यवस्था गर्ने ।<br>ङ. सडकको दाँया बायाँ भागमा रहेका विद्युतको ड्रेनको छेउमा सार्ने व्यवस्था गर्ने र उक्त स्थानमा मानव तथा साईकल यात्रीलाई सहज हुने गरी सडक निर्माण हुनुपर्ने ।<br>च. विद्यालय क्षेत्रमा आकाशे पुल निर्माण गर्ने ।<br>छ. हिमाली सडकलाई प्रयोग गर्ने गरी डिभाईडर निर्माण गर्नुपर्ने ।<br>ज. बिरिङ्ग नदीको पूर्वी भेगमा बिरिङ्ग कोरिडर हुने गरी अन्डरपास गर्नुपर्ने ।<br>झ. सुरुङ्गा बजार क्षेत्रमा ६ लेनको सडक विस्तार गर्नुपर्ने ।<br>ञ. ६ लेन भन्दा बाहिर सुरुङ्गा बजार क्षेत्रमा पूर्व तर्फ सुरुङ्गा खोलासम्म दुवै साईडमा ड्रेन निर्माण गर्नुपर्ने ।<br>ट. सुरुङ्गा बजार क्षेत्रमा अन्डरपास तथा आकाशेपुल निर्माण गर्नुपर्ने ।<br>ठ. कनकाई माई नदी पूर्व घाट व्यवस्थापनका लागि आवश्यक संरचना निर्माण गर्नुपर्ने (सौचालय, क्रियापुत्री भोजन गर्ने स्थान) र तहाँ अस्थायी रुपमा बसोवास गर्ने नागरिकहरुले निर्माण गरेका अस्थायी संरचना (टहरा) हटाई उक्त नागरिकहरुको अन्य स्थानमा व्यवस्थापन गर्ने ।<br>ड. विद्युतीय शवदाहगृह संचालनका लागि आवश्यक मापदण्ड तयार गरी संचालन गर्ने ।<br>ध. कनकाई नगरपालिका वडा नं. ४ कोटिहोममा रहेको सडकलाई ४० फिटको सडक बनाउने ।<br>ण. वातावरण संरक्षणका लागि सडकको दाँयाबाँया भागमा वृक्षरोपण हुनुपर्ने<br>त. बिरिङ खोलाको पश्चिमतर्फ उत्तर दक्षिणतर्फ बाटोको निकास हुनुपर्ने<br>थ. दुर्गापुर चोकमा आकासे पुल हुनुपर्ने । |

२०८२/४/२२

Scanned with CamScanner

<table>
<tr><td>८</td><td>घर नक्सा सम्बन्धमा ।</td><td>कनकाई नगरपालिकाको क्षेत्रभित्र रहेका राष्ट्रिय भवन संहिताको पालन गरी निर्माण भएका तर घर नँक्सा पास नगरेका भवनहरुको लागि यस अघि २०८२ असार मसान्तसम्मका लागि अभिलेखीकरण गर्न म्याद थप गरिएकोमा नयाँ तथा पुराना अभिलेखीकरण फाइलहरुका लागि अन्तिम पटकका लागि २०८३ असार मसान्तसम्मका लागि म्याद थप गर्ने ।</td></tr>
<tr><td>९</td><td>खेलकुद समिति सम्बन्धमा ।</td><td>कनकाई नगरपालिकाको खेलकुद निर्देशिका २०७५ बमोजिम तपशील बमोजिमको कनकाई नगर खेलकुद विकास समिति गठन गर्ने ।
<table>
<tr><th>क्र.स</th><th>नामथर</th><th>पद</th></tr>
<tr><td>१</td><td>जीवन ओली</td><td>संयोजक</td></tr>
<tr><td>२</td><td>इन्द्र पुलामी</td><td>सदस्य</td></tr>
<tr><td>३</td><td>तुलाराम वि.क</td><td>सदस्य</td></tr>
<tr><td>४</td><td>कमल प्रसाद पाठक</td><td>सदस्य</td></tr>
<tr><td>५</td><td>दिपेन्द्र कुमार बिमली</td><td>सदस्य</td></tr>
<tr><td>६</td><td>किशोर कन्दडवा</td><td>सदस्य</td></tr>
<tr><td>७</td><td>प्रत्युस निरौला</td><td>सदस्य</td></tr>
<tr><td>८</td><td>जित बहादुर मगर</td><td>सदस्य</td></tr>
<tr><td>९</td><td>रोमा थापा</td><td>सदस्य</td></tr>
<tr><td>१०</td><td>विकेस राइ</td><td>सदस्य</td></tr>
<tr><td>११</td><td>राजकुमार ओडारी</td><td>सदस्य सचिव</td></tr>
</table></td></tr>
<tr><td>१०</td><td>सामाजिक सुरक्षा कोष सम्बन्धमा ।</td><td>कनकाई नगरपालिकामा कार्यरत करार/ज्यालादारी कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्नका लागि योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली २०७५ बमोजिम कार्यालय दर्ताका लागि प्रकृया अगाडि बढाउने ।</td></tr>
</table>

Scanned with CamScanner